NSW GOVERNMENT

Student behaviour

Parent/carer factsheet

# विद्यार्थीको व्यवहार

## अभिभावक/हेरचाहकर्ताको तथ्य पत्र

### व्यवहार

हामी तपाईंको बच्चाको लागि सुरक्षित र खुशी विद्यालय सुनिश्चित गर्न चाहन्छौं। विद्यार्थीको कार्यसम्पादन र हितको प्रोत्साहन, संलग्नता र प्रगतिको लागि विद्यार्थी व्यवहारलाई समर्थन गर्नु महत्त्वपूर्ण हुन्छ। विद्यालयहरुले सहकार्य, सहयोग र एकतामय समावेशी सिकाइको वातावरण प्रदान गर्ने लक्ष्य राख्छन्। स्कुल कम्युनिटि चार्टर ले अभिभावक, हेरचाहकर्ता, शिक्षक र विद्यालयका कर्मचारीका लागि यो कस्तो देखिन्छ भनेर रूपरेखा दिन्छ।

### विद्यार्थी व्यवहार रणनीति

हाम्रो विद्यार्थी व्यवहार रणनीति (Student Behavior Strategy) ले समावेशी शिक्षा प्रणाली निर्माण गर्न सहयोग गर्छ जहाँ प्रत्यक विद्यार्थीलाई चिनिन्छ, कदर गरिन्छ र हेरचाह गरिन्छ, र जहाँ सबै विद्यार्थीहरुले उनीहरुको पूर्ण क्षमतासम्म सिक्न सक्छन्। हामीलाई थाहा छ कि विद्यार्थीहरु जसलाई समर्थित र सुरक्षित महसूस हुन्छ उनीहरुको विद्यालयसँग बढी जोडिने र आफ्नो सिकाइमा सक्रिय सहभागी हुने सम्भावना बढी हुन्छ।

सकारात्मक र सम्मानजनक सिकाइको वातावरणले कल्याण, संलग्नता र सुधारिएको शैक्षिक उपलब्धिको प्रोत्साहन गर्छ।  यो रणनीतिले निरोध, सकारात्मक, विद्यार्थी-केन्द्रित, विद्यालय-परिवार-समुदाय पध्दतिको समर्थन गर्छ जसमा निरन्तरता प्रमुख छ। सबै विद्यार्थीहरुको आवश्यकताहरु केयर कन्टिनम (Care Continuum) बाट पूरा हुनेछन्।

### विद्यार्थीहरुको लागि व्यवहार संहिता

विद्यार्थीहरुको लागि व्यवहार संहिता (Behaviour Code for Students) ले सार्वजनिक विद्यालयहरुमा अपेक्षित व्यवहारको रुपरेखा कोर्दछ। तपाईंको बच्चाको विद्यालयले पनि आफ्नो विद्यालयमा अपेक्षा गरिने अपेक्षित व्यवहारको विकास गर्नेछ। तपाईंको बच्चाको विद्यालयको कर्मचारीले अपेक्षित व्यवहारलाई सिकाउने र स्वीकार गर्नेछन्।

### चिन्ताको व्यवहार

बच्चा र युवा वयस्कले कहिलेकाहिँ हुर्किने क्रमको सामान्य भागको रूपमा कठिन व्यवहार प्रदर्शन गर्नसक्छन्। तपाईंको बच्चा अरुको व्यवहारले प्रभावित भएका हुनसक्छन् वा आफ्नो व्यवहारले अरुलाई प्रभावित पार्न सक्छन्। यदि तपाईंको बच्चाले तपाईंलाई विद्यालयमा हुने व्यवहारका समस्याहरुको बारेमा बताएका छन् भने के गर्ने भन्ने बारे थप जानकारी वेबसाइटमा उपलब्ध छ।

### थप जानकारी

यदि तपाईंलाई व्यवहार समर्थनको बारेमा अझै जान्न मन छ वा तपाईंको बच्चाको व्यवहार समबन्धी कुनै चिन्ता छ भने कृपया विद्यालयमा सम्पर्क गर्नु होला।

### टेलिफोन अनुवादक सेवा

यदि तपाईं विद्यालयमा सम्पर्क गर्न चाहनुहुन्छ र तपाईंलाई अंग्रेजीमा सहयोगको आवश्यकता पर्दछ भने कृपया टेलिफोन अनुवादक सेवालाई 131 450 मा कल गर्नुहोस्, तपाईंलाई कुन भाषा चाहिन्छ बताउनुहोस् र सञ्चालकलाई विद्यालयमा फोन गर्न आग्रह गर्नुहोस्। सञ्चालकले तपाईंको वार्तालापमा सहयोग गर्न लाइनमा अनुवादकलाई उपस्थित गर्नेछन्। तपाईंलाई यो सेवाको लागि चार्ज गरिने छैन।